# ढुंगाखानी बन्द हुँदा रोजगारी गुम्यो

■ सौर्य समाचार



पर्वत । पर्वतको मोदी गाउँपालिका-१ भुकताङ्ले, वडा-३ देउराली र वडा-४ क्याङको सिमानास्थित माटेको लेकमा रहेको ढुंगाखानी सञ्चालन गर्न स्थानीयवासीले माग गरेका छन् । उक्त ढुंगाखानी विगत १७ वर्षदेखि बन्द अवस्थामा छ ।

तत्कालीन क्याङ, देउराली र भुकताङ्ले गाविस बीचको सिमाना विवादका कारण ढुंगाखानी बन्द भएको थियो । ढुंगाखानी सञ्चालन गर्न अहिलेसम्म कुनै पनि निकायले पहल गरेको छैन ।

मोदी गाउँपालिकाको ३ वटा वडा क्याङ, देउराली र भुकताङ्लेमा पर्ने माटेको लेकमा रहेको ढुंगाखानी बन्द हुँदा यस क्षेत्रका बासिन्दाले नोक्सानी बेहोर्नुपरेको छ । साथै स्थानीय सरकारले राजस्व गुमाएको छ । देउराली, क्याङ र भुकताङले गाविसका बासिन्दाले खानी आ-आफ्नो गाविसभित्र पर्ने भन्दै दाबी गरेपछि २०६४ सालदेखि ढुंगाखानी बन्द भएको हो ।

सबैले ढुंगाखानीमाथि दाबी गर्नथालेपछि बन्द गरिएको तत्कालीन क्याङ गाविसका अध्यक्ष नरसिंह पुनले बताए । ठूलाछाप सामुदायिक वनमा पर्ने उक्त ढुंगाखानी समुदायलाई हस्तान्तरण गरे पनि तत्कालीन जिल्ला वन कार्यालयले विवाद अन्त्य गर्न उक्त वनलाई राष्ट्रियकरण गरेको उनको भनाइ छ ।

खानीमा प्रशस्त ढुंगा भए पनि सञ्चालन नहुँदा प्रयोगविहीन छ । ' खानी सञ्चालनका समयमा दैनिक सयौँ मजदुरले प्रत्यक्ष रूपमा रोजगारी पाएका थिए', अध्यक्ष पुनले भने । यहाँ निकालिएका ढुंगा पर्वत, बाग्लुङ, म्याग्दीलगायत देशका विभिन्न ठाउँमा बिक्रीका लागि लैजाने गरिएको उनले बताए । खानीका ढुंगा संकलन गरेर बिक्री गरी जीविकोपार्जन गर्दै आएका स्थानीय भानेबहादुर विकका अनुसार खानी बन्द भएपछि आश्रित परिवारको रोजीरोटी खोसिएको छ । धेरैजसो स्थानीय युवा विदेश पलायन भएका छन् । उनले ढुंगाखानीमा झण्डै १० वर्षसम्म काम गरेका थिए । जस्तापाताभन्दा ढुंगा बलिया र टिकाउ भएकाले धेरैले घर ढुंगाले छाउन मन पराउने गरेको विक बताउँछन् । एकपटक छाएको घर २-३ पुस्तासम्म पुग्ने स्थानीयवासी बताउँछन् । खानी उत्खनन गरेर ढुंगा बिक्री गर्ने हो भने पनि राज्यलाई वार्षिक लाखौं रुपैयाँ आम्दानी हुने स्थानीय राम पुनले बताए । सार्वजनिक जग्गाभित्र १ किलोमिटर क्षेत्रफलमा ढुंगाका ५ वटा खानी रहेका छन् । यसअघि केहीले ढुंगा कुँद्ने र केहीले खानीबाट ढुंगा निकाल्ने गर्दै आएका थिए । उत्तरी पर्वतका अधिकांश वडाका प्रायःजसो घर ढुंगाले छाएका छन् ।

'पहिला खानी सञ्चालन हुँदा गाउँलेले राम्रै रोजगारी पाएका थिए', स्थानीय हर्कबहादुर पुनले भने, 'अहिले रोजगारी गुमेपछि कोही विदेशतिर गए त कोही गाउँमै मजदुरी गर्दै आएका छन् ।' खानी सञ्चालन गर्नसके स्थानीयको जीवनस्तरमा परिवर्तन आउने उनको भनाइ छ । 'अहिले बजारबाट जस्तापाता ल्याएर घर छाउनुपर्ने बाध्यता छ,' स्थानीय गंगाबहादुर विकले भने ।

स्थानीयलाई रोजगारी दिन खानी सञ्चालनमा ल्याउनुपर्ने मोदी गाउँपालिकाका अध्यक्ष हिरादेवी शर्माले बताइन् । खानी सञ्चालन गर्न डिभिजन वन कार्यालय, खानी तथा भूगर्भ विभागलगायत सम्बन्धित निकायसँग समन्वय गरेर अघि बढ्ने उनले जानकारी दिइन् ।

# दसैं नजिकिएसँगै गाईघाटमा मनपरी मूल्यवृद्धि

■ सौर्य समाचार

गाईघाट । नेपालीहरूको महत्वपूर्ण चाड दसैं नजिकिएसँगै उदयपुरको सदरमुकाम गाईघाट बजार क्षेत्रका व्यापारीले मनपरी मूल्य वृद्धि गरेका छन् । दसैं नजिकिरहेको मौका पारेर व्यापारीले तेल, दाल, चामल, मसलालगायत दैनिक उपभोग्य वस्तुहरूको मूल्य बढाउन थालेका हुन् ।

गाईघाट संगमटोलका उपभोक्ता फिरन कार्कीका अनुसार २ दिनअघिसम्म बजारका हरेका पसलमा खानेतेल प्रतिपाकेट १०० का दरले पाउने गरिएकामा मंगलबारदेखि प्रतिपाकेट १२० देखि १२२ रुपैयाँसम्म पर्ने गरेको छ । यसरी चाडपर्वको मौका पारेर व्यापारीले मूल्य वृद्धि गरिरहेका भन्दै उनले सरोकार भएका निकायले आवश्यक अनुगमन गरी मूल्य वृद्धि रोक्नुपर्नेमा जोड दिए ।

उपभोक्ता दीपा बस्नेतले ४ दिन अघिसम्म मुसुरो दाल ९० देखि १०० रुपैयाँ प्रतिकिलोका दरले पाइने गरेकामा मंगलबारदेखि प्रत्येक पसलमा १२० देखि १२५ रुपैयाँ पर्न थालेको जानकारी दिइन् । यसरी चाडवाडलाई लक्षित गरी व्यापारीले मूल्य वृद्धि गरेर उपभोक्तालाई समस्यामा पार्ने काम भएको उनको भनाइ छ ।

चामल, दाल, तेल, मसलालगायत दैनिक उपधोग्य वस्तुमा स्थानीय व्यापारीले मूल्य वृद्धि गर्दा कालाबजारी बढ्दै गएको गाईघाटका उपभोक्ताको गुनासो छ । उपभोक्ता श्याम दाहालले भने, 'प्रत्येक वर्ष दसैंजस्तो महत्वपूर्ण चाडमा व्यापारीले मौका छोपेर १० देखि १५ प्रतिशतसम्म मूल्य वृद्धि गर्दै आएका छन् । यसपटक ४० प्रतिशतभन्दा बढीका दरले मूल्य वृद्धि गरेर उपभोक्ताको ढाड सेक्न थालेका छन् ।'

सरोकार भएका निकायले यससम्बन्धी समयमा ध्यान दिएर अनुगमन गरी कालाबजारी रोक्नुपर्ने दाहालले बताए । दैनिक उपभोग्य वस्तुहरूको मूल्य वृद्धिसँगै सागसब्जी तथा फलफूल व्यापारीले पनि बुधबारदेखि करिब ४० प्रतिशतले मूल्य वृद्धि गरेका उनले जानकारी दिए । प्रतिकिलो ८० रुपैयाँ पर्ने हरियो सागसब्जीको मूल्य अहिले १३० देखि १४० रुपैयाँसम्म पर्न थालेको त्रियुगा नगरपालिका-१० बोक्सेका उपभोक्ता रामबाबु बस्नेतले बताए । व्यापारीले एकपछि अर्को वस्तुको मूल्य वृद्धि गर्न थालेपछि बजार क्षेत्रमा उपभोग्य वस्तु किन्न नसक्ने अवस्थामा पुगेको आमउपभोक्ताले गुनासो गरेका छन् ।

मूल्य वृद्धिका बारेमा सोधिएको प्रश्नमा गाईघाटको पिजी चौकका व्यापारी विनोदले भने, 'हामी साना खुद्रा व्यापारी हौं, होलसेलरले मूल्य बढाएर सामान पठाएको छ । त्यसैले बढेको मूल्यअनुसार उपभोक्तालाई बिक्री गर्न बाध्य छौं ।'

# धानबाली नकाट्न किसानलाई आग्रह

■ सौर्य समाचार

कञ्चनपुर । मौसममा आएको परिवर्तनका कारण बाढीजन्य जोखिमका घटना बढ्न सक्ने संभावनालाई मध्यजनगर गरी कञ्चनपुरका स्थानीय तहले सर्वसाधारणलाई सचेत पार्ने कार्य अगाडि बढाएका छन् । बाढीको उच्च जोखिम रहेका क्षेत्रमा नगर प्रहरी परिचालन गरी सर्वसाधारणलाई सचेत पार्ने कार्य हुन थालेको हो ।

जल तथा मौसम विज्ञान विभाग, बाढी पूर्वानुमान महाशाखाका अनुसार बंगालको खाडीबाट प्रवाह हुने जलवाष्फयुक्त हावाको प्रभावका कारण यही १२ असोजसम्म सामान्यदेखि भारी वर्षा हुने अनुमान सहितको सूचना जारी गरिएपछि स्थानीय तहहरूले नदी तटीय क्षेत्रमा बसोवास गर्ने सर्वसाधारण, विपदमा खटिने विषयगत शाखाहरू, स्थानीय विपद् व्यवस्थापन समिति, वडा कार्यालय, वडा व्यवस्थापन समिति, सामुदायिक विपद् व्यवस्थापन समितिलाई सतर्क अवस्थामा राखेको छ ।

वर्षाले विशेष गरी कृषिमा बढी प्रभाव पार्ने भएकाले सो अवधिमा धानबाली नकाट्नका लागि जानकारी दिन नगरप्रहरीलाई परिचालन गरिएको शुक्लाफाँटा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेमराज बिष्टले बताए । 'किसानको धानबालीमा वर्षाले प्रभाव पार्ने भएकाले सचेत गर्ने कार्य गरिरहेका छौँ', उनले भने, ' यो सँगै थारू बाहुल्य क्षेत्रमा नदीनाला र पानी जम्मा हुने ठाउँमा माछा मार्ने कार्य गरिने हुँदा वर्षा भइरहेका बेला चट्याङ पर्ने संभावना हुने भएकाले त्यसबारे पनि सचेत पार्दै छौँ ।' बाढी, डुवान र कटानको जोखिम देखिएमा सम्बन्धित वडा कार्यालय, सुरक्षा निकायमा खबर गर्नका लागि आग्रह गरिएको उनले सुनाए । भारी वर्षा भएमा बस्ती नजिक बाढी र डुवानको जोखिमलाई मध्यनजर गरी वडा कार्यालय र सम्बन्धित सरोकारवालाहरूको समन्वयमा सुरक्षित स्थानमा सार्ने व्यवस्था मिलाइएको उनले जानकारी दिए । विपद्को समयमा ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, गर्भवती, बालबालिकाको विशेष ध्यान राख्नका लागि सर्वसाधारणमा आग्रह गरिएको अधिकृत बिष्टले बताए ।

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट बैंक बाट ग बर्गको इजाजतपत्र प्राप्त संस्था)

ॐकार बिल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
जि.पि.ओ. बक्स: २३१७०, काठमाण्डौं, नेपाल
फोन नं. ९७७-१-४७९२५१७, फ्याक्स : ९७७-१-४७९२५१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

## कर्जा चुक्ता/नियमित गर्न, गराउन आउन तथा नआएमा कालोसुचिमा राख्ने बारेको ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८१/०६/११**

यस वित्तीय संस्थाका शाखा कार्यालयबाट कर्जा लिने देहाय बमोजिमका ऋणीहरुले ऋण लिदा गरिदिनु भएको लिखत र कर्जा स्विकृत पत्रको शर्तमा तोकिए बमोजिम वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता रकम म्याद भित्र चुक्ता-भुक्तान नगर्नु भएकोले यस वित्तीय संस्थाबाट पटक पटक मौखिक, फोन, SMS तथा लिखित पत्र समेत मार्फत तर-ताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाउनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । उक्त म्याद भित्र यस वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुरहरु समेतका लेना रकम बुझाउनु हुन/बुझाउन लगाउनु हुन सम्बन्धीत ऋणी तथा सम्बन्धीत पक्षहरुलाई सूचित गरिएको छ । उक्त सूचनाको म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम वित्तीय संस्थालाई चुक्ता भुक्तान नगरी अटेर गरि बसेमा तपाई ऋणी वा तपाईको एकासगोल परिवारका नाउँमा रहेको अन्य चल अचल श्री सम्पत्ति एवं ऋण लिदाका बखत जमानि दिनेका नाममा रहेको वा निजको हकको चल-अचल श्री सम्पत्ती समेतबाट समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी वित्तीय संस्थाको लेना रकम असुल उपर गरि लिने तथा तपाई ऋणी तथा सम्बन्धीत अन्य पक्षहरुलाई समेत नेपाल राष्ट्र बैंकबाट क, ख र ग वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७८ को १२ (१०) बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत पूर्व जानकारीका लागि यो सूचना प्रकाशित गरि सूचित गरिएको छ ।

**तपशिल**

| १. ऋणीको विवरण | व्यक्तिगत जमानी दिनेको विवरण |
|---|---|
| **कर्जाको प्रकार : प्रोफेश्नल कर्जा**<br>**ऋणीको नाम : रुपा न्यौपाने घिमिरे**<br>बाबु : डिल्ली प्रसाद न्यौपाने<br>बाजे : यान प्रसाद घिमिरे<br>ना.प्र.नं. : २६-०१-७२-०५२१३ धादिङ<br>जारी मिति : २०७२/०५/३१, जि.प्र.का : गोरखा<br>ठेगाना : गोरखा जिल्ला अश्राङ गा.वि.स. वडा नं. ०९, को परिवर्तित भिमसेनथापा गा.पा वडा नं. ०६ । | **व्यक्तिगत जमानिकर्ता : सुभद्रा पोखरेल**<br>बाबु : तारा प्रसाद पोखरेल<br>बाजे : ढुन्डीराज पोखरेल<br>ना.प्र.नं. : ४४-०१-७३-०२७६५<br>जारी मिति : २०७३/०३/०८, जि.प्र.का : गोरखा<br>ठेगाना : गोरखा जिल्ला खोप्लाङ गा.वि.स. वडा नं. ०२, को परिवर्तित पालुङटार न.पा वडा नं. ०२ । |
| **२. ऋणीको विवरण** | **व्यक्तिगत जमानी दिनेको विवरण** |
| **कर्जाको प्रकार : प्रोफेश्नल कर्जा**<br>**ऋणीको नाम : गिरिधर शाही**<br>बाबु : मेगु शाही<br>बाजे : बिच्छु शाही<br>ना.प्र.नं. : ८४१<br>जारी मिति : २०४९/१०/२९, जि.प्र.का : जाजरकोट<br>ठेगाना : जाजरकोट जिल्ला खगेनकोट उ.म.न.पा/गा.वि.स. वडा नं. ०७, को परिवर्तित नलगाड न.पा वडा नं. ०८ । | **व्यक्तिगत जमानिकर्ता : गीता शर्मा**<br>बाबु : डिल्ली प्रसाद शर्मा<br>बाजे : रोमर्श शर्मा<br>ना.प्र.नं. : ५२१०२७/०५५<br>जारी मिति : २०६४/०५/१९, जि.प्र.का : दाङ<br>ठेगाना : दाङ जिल्ला डुरुवा गा.वि.स./उ.म.न.पा वडा नं. ०६ ।<br>हाल : बाके जिल्ला नेपालगञ्ज उ.म.न.पा वडा नं. ०४ । |
| **३. ऋणीको विवरण** | **व्यक्तिगत जमानी दिनेको विवरण** |
| **कर्जाको प्रकार : प्रोफेश्नल कर्जा**<br>**ऋणीको नाम : खुसीराम राजवंशी**<br>बाबु : देवो राजवंशी<br>बाजे : पहुलान राजवंशी<br>ना.प्र.नं. : ०४-०१-६९/६७३२<br>जारी मिति : २०६९/०६/०४, जि.प्र.का : झापा<br>ठेगाना : झापा जिल्ला महेशपुर गा.वि.स./उ.म.न.पा वडा नं. ०८ ।<br>हाल : मोरङ्ग जिल्ला कटहरी गा.पा वडा नं.०३ । | **व्यक्तिगत जमानिकर्ता : मिनती राजवंशी**<br>बाबु : देवो राजवंशी<br>पती : आनन्द कुमार राजवंशी<br>ना.प्र.नं. : ०४१०१८/१०८५<br>जारी मिति : २०६७/०२/२८, जि.प्र.का : झापा<br>ठेगाना : झापा जिल्ला महेशपुर गा.वि.स./उ.म.न.पा वडा नं. ८ ।<br>हाल : मोरङ्ग जिल्ला विराटनगर म.न.पा वडा नं. १९ । |
| **४. ऋणीको विवरण** | **व्यक्तिगत जमानी दिनेको विवरण** |
| **कर्जाको प्रकार : प्रोफेश्नल कर्जा**<br>**ऋणीको नाम : इन्द्रजित कुमार सिंह**<br>बाबु : रामकृपाल नुनिया<br>बाजे : रामचलितर नुनिया<br>ना.प्र.नं. : ०५-०१-७३-०७१२९<br>जारी मिति : २०७३/०८/०६, जि.प्र.का : मोरङ्ग<br>ठेगाना : मोरङ्ग जिल्ला कदमाहा गा.वि.स. वडा नं. ०७ ।<br>हाल : सुनसरी जिल्ला इननरुवा न.पा वडा नं.०१ । | **व्यक्तिगत जमानिकर्ता : बिनिता कुमारी गंगाई**<br>बाबु : बलराम प्र. सिंह गनगाई<br>पती : राज कुमार गंगाई<br>ना.प्र.नं. : ०५२०४४/५६५६<br>जारी मिति : २०६७/०८/२४, जि.प्र.का : मोरङ्ग<br>ठेगाना : मोरङ्ग जिल्ला महादेवा गा.वि.स./उ.म.न.पा वडा नं. ०४, को परिवर्तित रतुवामाई न.पा वडा नं. ०३ । |
| **५. ऋणीको विवरण** | **व्यक्तिगत जमानी दिनेको विवरण** |
| **कर्जाको प्रकार : प्रोफेश्नल कर्जा**<br>**ऋणीको नाम : संदीप सिह ठकुरी**<br>बाबु : सुरेश कुमार सिंह क्षेत्री<br>बाजे : सुखनन्दन सिंह क्षेत्री<br>ना.प्र.नं. : १६०३३००६३<br>जारी मिति : २०६०/५/२५, जि.प्र.का : पर्सा<br>ठेगाना : पर्सा जिल्ला वीरगंज उ.म.न.पा/गा.वि.स. वडा नं. ०६ ।<br>हाल : मोरङ्ग जिल्ला विराटनगर म.न.पा वडा नं. ०६ । | **व्यक्तिगत जमानिकर्ता : प्रिती झा**<br>बाबु : धर्मानन्द झा<br>बाजे : द्धारीकानाथ झा<br>ना.प्र.नं. : ०६-०१-७१-०१२९५<br>जारी मिति : २०७१/०२/०९, जि.प्र.का : सुनसरी<br>ठेगाना : सुनसरी जिल्ला इटहरी न.पा वडा नं. ५, को परिवर्तित इटहरी उ.म.न.पा ५ । |

गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
**पूर्वाधार विकास निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
बेनी, म्याग्दी

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

(प्रकाशन मिति: २०८१/०६/११)

यस कार्यालयबाट मिति २०८१/०३/२८ को आर्थिक राष्ट्रिय दैनिक एवम् www.bolpatra.gov.np/egp मा प्रकाशित सूचना अनुसार Upgrading of Chitre -Ghorepani Road to Gravel Standard (ठेक्का नं. IDO/MYAGDI/NCB/W/UG/07/2080/81) को लागि निर्धारित म्याद भित्र बोलपत्रदाताहरूले दर्ता गरेका प्राविधिक प्रस्तावहरूको मूल्याङ्कन गर्दा निम्न बोलपत्रदाताहरूको प्राविधिक प्रस्तावहरू सारभूत रूपमा प्रभावग्राही भएकोले ती बोलपत्रदाताहरूको आर्थिक प्रस्तावहरू २०८१/०१/१८ गते दिनको ११:०० बजे पूर्वाधार विकास कार्यालय, म्याग्दीमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ज को उपनियम ५ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**प्राविधिक प्रस्तावहरूको मूल्याङ्कनबाट आर्थिक प्रस्ताव खोल्नको लागि छनौट भएका बोलपत्रदाताहरू:**

1. Bageshwari Construction and Suppliers, Tulsipur - 6, Dang
2. Bikesh - Jaya Dupche JV, Tarakeshwor - 9
3. Ranjit Ranjan Construction Pvt. Ltd., Amarpur - 7, Gulmi

**Uttargaya Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Laharepauwa, Rasuwa**

## Invitation for Bids

**Invitation for Bids No.: URM/NCB/WORKS/2081-082/2**
**Date of publication: 27-09-2024 00:00**

1. Uttargaya Rural Municipality, Rasuwa invites electronic bids from Nepalese eligible bidders for the **Construction of Ward 5 Building** under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. (in NRs) 15535694.37 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Uttargaya Rural Municipality, Rasuwa, Uttargaya-05, Laharepauwa, Rasuwa, Bagmati Province, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder should submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(Rs. 3000/-) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank: Himalayan Bank Ltd.**
   **Name of Office: Uttargaya Rural Municipality, Rasuwa**
   **Office Code no: 80328501**
   **Office Account no: 04407741280019**
   **Rajaswa (revenue) Shirshak no.: 14249**
4. Pre-bid meeting shall be held at Uttargaya Rural Municipality, Uttargaya-05 Laharepauwa, Rasuwa Bagmati Province Nepal at 17-10-2024 13:00 hours.
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 28-10-2024 12:00. Bids received after this deadline will be rejected.
   The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 28-10-2024 13:00 at the office of Uttargaya Rural Municipality,Uttargaya-05 Laharepauwa, Rasuwa.
6. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 460000.0, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Office**